# भाषिक दर्शनका आधारभूत पक्ष र निहित अन्तरवस्तु

तिलकप्रसाद लम्साल, पिएचडी

नेपाली शिक्षा विभाग, नेपाल खुला विश्वविद्यालय

## सार

जीवन, जगत्सम्बन्धी मान्छेका कौतूहल, आश्चर्य, जिज्ञासा र तर्कका आधारमा निराकरणका उपायसमेत पत्ता लगाउने चिन्तन वा दृष्टिकोणका रूपमा दर्शनलाई लिइन्छ । दर्शनका विविध प्रकारमध्ये भाषिक दर्शनमा आधारित प्रस्तुत अनुसन्धानको उद्देश्य भाषिक दर्शनको अवधारणा स्पष्ट पार्दै तिनका विविध पक्ष र अन्तर्वस्तुको निरूपण गर्नु रहेको छ । भाषिक दर्शनका विविध पक्ष र विशेषता छन् भन्नु प्रस्तुत अनुसन्धानको दाबी हो । प्रस्तुत अनुसन्धान गुणात्मक ढाँचा, उत्तरआधुनिक दर्शन र व्याख्यावादी पद्धतिमा आधारित छ । यसका लागि पुस्तकालयीय कार्यमा आधारित भई द्वितीयक स्रोतका सामग्री सङ्कलन गरी तिनको वर्णनात्मक र तुलनात्मक अध्ययन विधिका सहायताले विश्लेषण र मूल्याङ्कन गरिएको छ । सूचनाको विश्लेषणमा साक्ष्य वा उदाहरण र तालिकाको उपयोग आवश्यकतानुसार गरिएको छ । पूर्वअध्येतासँग संवाद गर्दै लेखकीय दृष्टिकोण पनि प्रस्तुत गरी उद्देश्यको पुष्टि गरिएको छ । दाबीमा आधारित तर्कलाई लम्बीय र क्षितिजीय रूपमा प्रस्तुत गरिएको छ । दर्शन जीवन र जगत्का समग्र पक्षको अध्ययन गर्ने ज्ञानको शाखा हो । दर्शन र भाषाको सम्बन्ध घनिष्ठ छ । यसका आधारमा पूर्व र पश्चिममा भाषा, व्याकरणसम्बन्धी विविध चिन्तन, दर्शन, सिद्धान्तको अविर्भाव भएको छ । दर्शन वा चिन्तनलाई आलोकित बनाउने सशक्त माध्यम नै भाषा हो । भाषा र आध्यात्मिक तथा भौतिक दर्शन, भाषा र मन, सत्य र अर्थ, भाषा र तर्क, मानव भाषा र मानवेतर भाषा तथा भाषाको उत्पत्तिसम्बन्धी सिद्धान्त भाषिक दर्शनमा नै केन्द्रित छन् । ईश्वर, जगत्, मन, माया, आत्मा, जीव, ज्ञान, कर्म, वैराग्य,

मुक्तिजस्ता विषयसँग पनि भाषिक दर्शनको परोक्ष सम्बन्ध देखिन्छ । भाषिक दर्शन र यसका पक्षगत अन्तर्वस्तुप्रति रुचि राख्नेहरूका लागि प्रस्तुत अनुसन्धानबाट सहयोग मिल्ने देखिन्छ ।

*शब्दकुञ्जी :* अध्यात्म, तर्क, दर्शन, भाषा, सत्य

## परिचय

'दर्शन' जीवन र जगत्लाई हेर्ने आन्तरिक र बौद्धिक विश्वदृष्टिकोण हो । 'दृश्' धातुमा 'ल्युट (अन)' प्रत्ययद्वारा दर्शन शब्दको व्युत्पत्ति हुन्छ; जसको अर्थ देख्नु वा अवलोकन गर्नु हुन्छ । अर्थात् 'दृश्यते अनेन इति दर्शनम्' जसबाट देख्न सकिन्छ, त्यो दर्शन हो (राई, २०७४, पृ.३) । दर्शनको अङ्ग्रेजी रूपान्तर शब्द 'फिलोसोफी' हो । 'फिलोस्' को अर्थ प्रेम र 'सोफी' को अर्थ बुद्धि वा ज्ञान भन्ने हुन्छ । समग्रमा 'फिलोसोफी' को अर्थ प्रकृति, जीवन, मृत्यु, सत्य, भाषा, मन, विवेक आदिको विवेचनात्मक अध्ययन भन्ने हुन्छ । दर्शनका सम्बन्धमा नेपाली बृहत् शब्दकोशमा भनिएको छ– कुनै पनि वस्तुलाई हेर्ने काम, नजर गराइ वा हेराइ दर्शन हो; प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतनाबारेको विवेचना र विश्लेषण गरिने विधा दर्शन हो (बन्धु र अन्य, २०६७, पृ. ६०१) । समग्र चिन्तनको व्यवस्थित अध्ययन गरिने शास्त्र दर्शनशास्त्र हो । दर्शनशास्त्र समस्त वस्तु, घटना र घटना प्रक्रियाको अध्ययन एवम् विश्लेषण गरिने पद्धति समेत हो (भुसाल, २०६८ पृ १२) । दर्शनले ज्ञानको खोजी गर्छ र विश्वलाई बुझ्न सजिलो बनाउँछ ।

मानवीय चेतनासँगै उसमा उब्जिएका रहस्यमय, उत्सुकता र त्यसको खोजीसँगै दर्शनको उत्पत्ति भएको हो । दार्शनिक दृष्टिकोणमा रहने लक्षणहरूमा अचम्मको भावना, सन्देह, आलोचना, प्रतिविम्ब, तटस्थतालगायत पर्दछन् (शर्मा, २०६०, पृ. २–३) । म को हुँ ? म कसरी संसाररूपी नाट्यशालामा आइपुगेँ ? यो सृष्टि चक्र कसरी चलेको छ ? पदार्थ (जड) र चेतनको सम्बन्ध के छ ? लगायत जिज्ञासाको खोजी

गर्ने प्रयास दर्शन हो । मानिस जुन परिवेशमा बाँचेको हुन्छ; सोहीअनुसारको दर्शन निर्माण हुन्छ । दर्शनबाट बुद्धि र तर्कको सम्यक प्रयोग गरेर सत्यका नजिक पुग्न सकिन्छ । हरेकका आफ्नै प्रकारका अनुभव भएकाले दर्शन फरक फरक हुन्छन् । आस्तिक दर्शन, नास्तिक दर्शन, चार्वाक दर्शन आदि । दर्शनका तत्त्वशास्त्र, ज्ञानशास्त्र र मूल्यशास्त्र गरी मुख्य तीन विषयवस्तु वा क्षेत्र (राई, २०७४, पृ. ६) रहेका छन् । यसर्थ दर्शन मानव जीवन तथा जगत्लाई बुझ्ने दृष्टिकोण हो । दर्शनको निश्चित आधार हुन्छ । यो समयसापेक्ष हुन्छ । दर्शन मानवीय बौद्धिक उपलब्धि हो ।

यसै सन्दर्भमा दर्शनको परिचयका साथै भाषिक दर्शनको अवधारणा स्पष्ट पार्नु, भाषिक दर्शनका मूल पक्षको निरूपण गरी तिनमा पाइने अन्तर्वस्तु पहिल्याउनु प्रस्तुत अनुसन्धानको उद्देश्य हो । भाषाका सम्बन्धमा निर्मित धारणा वा दृष्टिकोण भाषिक दर्शन हो र यसका भाषा र मन, सत्य र अर्थलगायत पक्ष हुन्छन् साथै तिनका आआफ्ना विशेषता हुन्छन् भन्नु प्रस्तुत अध्ययनको दाबी हो । दर्शनको अवधारणासहित यसका मूलभूत पक्षको चिनारी गराउने कार्य यसपूर्व व्यवस्थित रूपमा हुन सकेको पाइँदैन । यही ज्ञानको रिक्तता ६प्लयधभिमनभ नबउ० पूरा गर्ने कार्य प्रस्तुत अनुसन्धानमा गरिएकाले अनुसन्धानको औचित्य र महत्त्व पुष्टि हुन्छ । भाषिक दर्शनको परिचय दिई भाषा र आध्यात्मिक दर्शन, भाषा र मन, सत्य र अर्थ, भाषा र तर्क, मानव भाषा र मानवेतर भाषा तथा भाषाको उत्पत्तिसम्बन्धी सिद्धान्तका विषयमा केन्द्रित भई छलफल गर्नु प्रस्तुत अनुसन्धानको परिसीमा रहेको छ । भाषिक अध्ययनसँग सम्बन्धित अध्येताका लागि प्रस्तुत अनुसन्धान उपयोगी हुने देखिन्छ ।

## अनुसन्धान विधि र प्रक्रिया

'भाषिक दर्शनका आधारभूत पक्ष र तिनमा पाइने अन्तर्वस्तु' शीर्षकमा आधारित प्रस्तुत अनुसन्धान गुणात्मक अनुसन्धान ढाँचा र व्याख्यावादी दर्शनमा आधारित छ । यसका लागि द्वितीयक स्रोतबाट पुस्तकालयीय कार्यमा आधारित भई सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको

वर्णनात्मक र तुलनात्मक अनुसन्धान विधिका सहायताले प्रस्तुत अनुसन्धानमा उद्देश्य र दाबीको स्थापना गरिएको छ । भाषालाई विमर्शका रूपमा लिई भाषिक दर्शनको निरूपण गरिएको छ । आवश्यकतानुसार पूर्वअध्येतासँग संवाद गर्दै तथ्याङ्कको विश्लेषणमा विभिन्न तर्क, साक्ष्य, तालिका र उदाहरण प्रस्तुत गरिएको छ । तर्कहरूलाई लम्बीय र क्षितीजीय रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुतीकरणमा सङ्गति र संसक्तिलाई यथासम्भव ख्याल गरिएको छ । तथ्याङ्कलाई पुष्टि गर्ने लेखकीय दृष्टिकोण पनि प्रस्तुत गरिएको छ । बहुलसत्य (मल्टिपल रियालिटी) मा आधारित प्रस्तुत अनुसन्धानमा मूलतः प्राप्त सामग्रीले निर्दिष्ट गरेका तथ्यहरूलाई ज्ञानको स्रोत (इपिस्टोमोलोजी) र तिनबाट प्राप्त निष्कर्षलाई मूल्य (एक्जियोलोजी) का रूपमा ग्रहण गरिएको छ । यस प्रकारको विधि र दर्शनको उपयोग गरी व्यवस्थित अनुसन्धान प्रक्रियाबाट प्रस्तुत अनुसन्धेय कार्य पूरा गरिएको छ । आलेख लेखनमा मूलतः एपिए ढाँचाको उपयोग गरिएको छ ।

## नतिजा र छलफल

प्रकृति, जीवन, मृत्यु, सत्य, भाषा, मन, विवेक आदिको विवेचनात्मक अध्ययन गरिने शास्त्रका रूपमा दर्शनलाई लिइन्छ । यो जीवन जगत्सम्बन्धी बनेको विश्वदृष्टिकोण हो र समग्र पक्षको अध्ययन गर्ने ज्ञानको शाखा हो । मानिसको जिज्ञासु स्वभाव र सदैव वास्तविकताको जानकारी हासिल गर्ने प्रयत्नस्वरूप दर्शनका विविध रूप/हाँगा देखिएका छन् । भाषिक दर्शन, जैन दर्शन, हिन्दु दर्शन, गणित दर्शन, राजनीतिक दर्शन आदि स्थापित दर्शनलाई समाजले आफ्नै अनुकूल प्रयोग गर्दै आएको छ र समयअनुकूल दर्शनमा परिवर्तन पनि हुँदै आएको देखिन्छ । संसार परिवर्तनशील भएकाले पहिले सत्य ठानिएका विचार भविष्यमा आंशिक सत्य वा असत्य पनि हुन सक्छन्. । अतः कुनै पनि सत्य सार्वकालिक नहुन सक्छन् । यसै सन्दर्भमा यहाँ भाषिक दर्शनको अवधारणासहित यसका विभिन्न पक्ष/क्षेत्र/शाखासँगको सम्बन्ध र तिनमा पाइने अन्तर्वस्तुबारे क्रमशः चर्चा गरिएको छ ।

**भाषिक दर्शन**

दर्शन जीवन र जगत्सम्बन्धी बनेको धारणा हो । दर्शनका आधारमा विभिन्न वाद, सिद्धान्त, तर्क वा ज्ञानका नव आयामहरू निष्पन्न भएका छन् । व्यक्ति र समयअनुसार विभिन्न नियम वा विचारहरू देखिएका छन् । आर्थिक दर्शन, धार्मिक दर्शन, समाज दर्शन, साहित्य दर्शन, भाषाको दर्शन, गणितको दर्शन, तर्कको दर्शन आदि नयाँ हाँगाका अतिरिक्त परम्परागत तत्त्वशास्त्र, ज्ञानशास्त्र, मूल्यशास्त्र, नीतिशास्त्र, सौन्दर्यशास्त्र आदि (राई, २०७४, पृ. २६) को अस्तित्व अविच्छिन्न छ ।

दर्शनका विभिन्न हाँगा वा क्षेत्रमध्ये भाषिक दर्शन एक हो । पहिले भाषाको अध्ययन पनि दर्शनशास्त्रमा गरिन्थ्यो । त्यसैले परम्परागत व्याकरण दर्शनशास्त्रबाट प्रभावित देखिन्छ । भाषाविज्ञानले भाषाका अर्थहरूको अध्ययन गर्नु अघि पनि अर्थको अध्ययनलाई दर्शनशास्त्रकै विषयका रूपमा लिइन्थ्यो । भाषाका सम्बन्धमा निर्मित धारणा वा दृष्टिकोणलाई भाषिक दर्शन भनिन्छ । मानव चेतनाको विकाससँगै भाषिक दर्शनको अवधारणा देखिएको हो । यसलाई दर्शनशास्त्रसँग सम्बन्धित गरेर व्यवस्थित अध्ययन विश्लेषण गर्ने कार्य समयसापेक्ष हुँदै आयो । ऋग्वेदको प्रथम मण्डल (१/१६४/४५) मा उल्लेख गरिएको ‘चत्वारि वाक्परिमितापदानि’लाई पतञ्जलिले चत्वारि वाक्को अर्थ नाम, आख्यात, उपसर्ग र निपात (पतञ्जलि, सन् १९८७, पृ. ४२) भनेका छन् भने भर्तृहरिले परा, पश्यन्ती, मध्यमा र बैखरीका रूपमा अर्थ्याएका छन् (आचार्य, २०७२, पृ.२३) । लौकिक संस्कृतमा पाणिनिलगायतका भाषा व्याकरणसम्बन्धी पारिभाषिक शब्दहरू, प्रकृति, प्रत्यय, उद्देश्य, विधेय तथा नामिक पदको व्यक्तिवाचक, जातिवाचक, द्रव्यवाचक, समूहवाचक, भाववाचकलगायतको परिचय र वर्गीकरणमा दर्शनशास्त्रकै प्रभाव छ ।

भाषाको परिचय, भाषाविज्ञानका क्षेत्र, भाषाविज्ञानका शाखा, भाषाविज्ञानका विशेषता, मानव भाषा र मानवेतर भाषा, भाषा र मानवको सम्बन्ध, भाषाशिक्षण, भाषाशिक्षणका सिद्धान्त, सफल र

प्रभावकारी शिक्षणलगायत भाषिक विषयमा देखिएका धारणा भाषिक दर्शनकै उपज हुन् । अन्तर्दृष्टि, कल्पना र खोजको परिणामस्वरूप यस्ता भाषिक दर्शन स्थापित हुन्छन् । स्थापित मान्यता वा धारणाहरू विभिन्न तर्क र आधारद्वारा पुष्टि हुन्छन् र तिनीहरू सर्वग्राह्य एवम् प्रयोगयोग्य हुन्छन् ।

**भाषा र आध्यात्मिक दर्शन**

जीवन र जगत्लाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने अनेकौँ पद्धतिमध्ये मुख्य दुई हाँगा वा धाराका रूपमा अध्यात्मवादी धारा र भौतिकवादी धारा पर्दछन् । चेतना र पदार्थमध्ये कुन पहिला सृष्टि भयो भन्ने प्रश्नबाट छुट्टिएका यी दुई धारामध्ये अध्यात्मवादले चेतना पहिले र चेतनाबाट पदार्थको निर्माण भएको स्वीकार्छ । अध्यात्मवादीहरू भित्री विचार, आत्मा र चेतनालाई नै प्राथमिकता दिन्छन् (राई, २०७४, पृ.२४) । यसका अतिरिक्त समन्वयवादी विचार धाराका रूपमा देखिएको द्वैतवादले पनि मूलतः आध्यात्मिक दर्शनमा नै झुकाव राख्छ ।

आध्यात्मिक दर्शन मूलतः पूर्वीय दर्शन हो । पूर्वमा दर्शनको सुरुआत जिज्ञासा र भौतिकताप्रतिको निराशा र पश्चिममा ज्ञान प्राप्तिको प्रेम वा अन्वेषणबाट भएको पाइन्छ । पूर्वीय दर्शनमा वेदको विशेष महत्त्व छ । यसैलाई आधार बनाएर लेखिएका ब्राह्मण ग्रन्थ, आरण्यक, उपनिषद् ग्रन्थ, वेदाङ्ग, प्रातिशाख्य, व्याकरण सम्प्रदाय आदिमा भाषासम्बन्धी प्रशस्त चिन्तन वा धारणाहरू भेटिन्छन् । वेदलाई आधार लिएर देखिएका आस्तिक, नास्तिक दर्शन, कपिल मुनिद्वारा प्रवर्तित साङ्ख्य दर्शन, पतञ्जलिद्वारा प्रवर्तित योग दर्शन, गौतमद्वारा प्रवर्तित न्याय दर्शन, कणाद मुनिद्वारा प्रतिपादित वैशेषिक दर्शन, जैमिनि मुनिद्वारा प्रतिपादित मीमांसा दर्शन, वृहस्पतिद्वारा प्रतिपादित चार्वाक दर्शन, ऋषभदेवबाट आरम्भ भई महावीरबाट व्याख्या विवेचना भएको जैन दर्शन, गौतम बुद्धद्वारा स्थापित बौद्ध दर्शन तथा वेदान्त दर्शनका आआफ्ना दार्शनिक मान्यता छन् । यिनमा ईश्वर, मन, माया, जीव, कर्म, वैराग्य, मुक्तिलगायत विविध विषयमा चिन्तन पाइन्छ । यस्ता चिन्तनहरूमा भाषाका आधारभूत पक्ष भेटिन्छन् ।

पश्चिममा पनि ग्रिसेली, रोमेली दार्शनिकहरूमा भाषा र आध्यात्मिक दर्शन पाइन्छ । ग्रिसेली दार्शनिक थेलिज (ई.पू.छैटौँ शताब्दी) का शिष्य एनेकिजमिनिजले आफ्नो निबन्धमा भौतिक पदार्थको उत्पत्ति परमतत्त्वबाट हुने बताएका छन् भने हेरेक्लाइटस (ई.पू. ५३५–४८०) ले अग्नि वा तेजलाई परमतत्त्व मानेका छन् । ग्रिसेली दार्शनिक स्टोइक (स्टोआली) हरू भन्छन्– तत्त्व विश्वरूप छ र यसभित्र प्रकृति र ईश्वर दुवै समाहित छन् (आचार्य, २०७२, पृ. १०५–१०६) । सुकरातले शब्द र अर्थको सम्बन्धलाई स्वाभाविक नमानेर परम्पराबाट स्वीकारिएको सम्बन्ध मानेका छन् । अठारौं शताब्दीसम्म अर्थविज्ञानलाई दर्शनकै क्षेत्रभित्र राखेर अध्ययन गर्ने परम्परा थियो । भारतीय संस्कृतको स्फोटवाद र चार वाणीको विभाजन दार्शनिक धरातलमा आधारित छ । संस्कृत व्याकरण भाषावैज्ञानिक चिन्तनतर्फ अभिमुख देखिन्छ ।

**भाषा र मन**

विचारको निष्पत्ति हुने शरीरभित्रको अदृश्य भाग मन हो । भाषा र मनको अभिन्न सम्बन्ध हुन्छ । मनोविज्ञान र भाषाविज्ञानको सम्बन्धको अध्ययन मनोभाषाविज्ञानमा गरिन्छ । मनबाट विचारको उत्पत्ति हुन्छ । मन मस्तिष्कको कार्यशक्तिको आधार हो । चिन्तन, निर्णय, स्मरण, बुद्धि, भाव, इन्द्रिय ग्राह्यता, एकाग्रता, व्यवहार, अन्तरदृष्टि आदि मस्तिष्कका कार्य हुन् । भाषा सिकाइमा मनोवैज्ञानिक पक्षले महत्त्वपूर्ण भूमिका खेल्छ । त्यस्ता पक्षहरू डर, संवेग, सोचाइ, हिनताबोध, प्रेरणा, वेवास्ता, आत्तिने आदि हुन् । बोध र अभिव्यक्ति प्रक्रिया, भाषा र मस्तिष्कको सम्बन्ध, भाषा प्राप्ति र आर्जन, मनोभाषाविज्ञान र भाषा शिक्षण, पहिलो र दोस्रो भाषाको सिकाइमा देखिने भिन्नता (लामिछाने, २०६८, पृ.७८) लगायतको अध्ययन मनोभाषाविज्ञानमा गरिन्छ । भाषा सम्झने, बिर्सने, भाषा सिकाइमा देखिने रोगहरू (अफेजिया, अग्राफिया, अलेक्सिया, डिस्फेजिया आदि) को अध्ययन (शर्मा, २०६६, पृ. ६) पनि मनोभाषाविज्ञानमा गरिन्छ ।

स्वस्थ र तत्पर मन नै भाषा सिकाइको आधार हो । भाषाविद् क्यारोल, रोजर ब्राउन, चम्स्की, पियाजेलगायतले मन र भाषाका बारेमा चिन्तन गरेका छन् । मानिसको शारीरिक विकाससँगै भाषाको पनि विकास हुने धारणा उनीहरूको छ । दोस्रो भाषाको सिकाइ पहिलो भाषाको तुलनामा कठिन हुन्छ । व्यक्तिले भाषा बोल्दा उसको मन सक्रिय हुन्छ । भाषा व्यक्तिको स्मरणशक्तिसँग सम्बन्धित हुन्छ । मस्तिष्कमा आघात हुँदा उसको बोलीमा प्रभाव पर्छ । सामाजिक अन्तरक्रियाले मस्तिष्कको विकास हुने र त्यसबाट भाषा सिकाइमा सहज हुने धारणा रचनावादी (constructivist) दार्शनिकहरू जोन डिबे, बान्डुरा, भिगोत्स्कीलगायत (Zhou & Brown, 2015) को छ । भाषावैज्ञानिक विधि र पद्धतिहरू, शैक्षणिक, मनोवैज्ञानिक र भाषिक पक्षको समिश्रणबाट निर्मित हुन्छन् ।

**सत्य र अर्थ**

दर्शनशास्त्रमा मूलतः तत्त्वशास्त्र, ज्ञानशास्त्र र मूल्य/नीतिशास्त्र गरी तीन विषयवस्तुको व्याख्या विश्लेषण गरिन्छ । यिनीहरूमा जीवन, जगत्, ईश्वर, ब्रह्मजस्ता विषयको विवेचना गरिने दर्शन तत्त्वशास्त्र हो । यसलाई सत्य पनि भनिन्छ । बुद्धि र तर्कको सम्यक प्रयोग गरेर सत्यका निकट पुग्न सकिन्छ (राई, २०७४, पृ.२४) । ब्रह्म सत्य हुन्छ । बाँकी व्यक्ति विशेषका सत्य हुन् । सत्य स्थान, परिस्थिति र समयअनुसार बदलिन्छ । नेपालमा अँध्यारो हुँदैछ भन्नु यो सत्य हो भने त्यही समयमा अमेरिकामा उज्यालो हुँदैछ भन्नु त्यो पनि सत्य हो । आस्तिक, नास्तिक, वेदान्त, बोन, जैन आदि दर्शनका आआफ्ना सत्य छन् ।

शब्द, सङ्केत वा भाषाले बुझाउने आशय अर्थ हो । अर्थको प्रवृत्ति भाषाका अन्य पक्षको भन्दा फरक हुन्छ । भाषाका ध्वनि, पद, पदावली, उपवाक्य, वाक्य आदि ठोस, मूर्त र मापनीय छन् तर अर्थ अमूर्त र अमापनीय छ । यसैकारण अठारौँ शताब्दीसम्म अर्थविज्ञानलाई दर्शनकै क्षेत्रभित्र राखेर अध्ययन गरेको पाइन्छ । सूत्रकार, वार्तिककार, भाष्यकार तथा वैयाकरणहरूले शब्दार्थ सम्बन्धलाई नित्य मानेका छन्, नैयायिकहरूले नित्य नभई साङ्केतिक मानेका छन् (बन्धु, २०५७, पृ. २१) भने विनिर्माणवादी

डेरिडालगायतले शब्दार्थ सम्बन्धलाई अनिश्चित भनेका छन् । जीवन जगत्मा जुन सत्य भनेर अर्थ लगाइन्छ त्यो पनि व्यक्ति समय, सन्दर्भ र स्थानसापेक्ष हुन्छ । 'आज साहित्यिक प्रतियोगिताका विजेताहरूलाई पुरस्कार दिइनेछ' भन्दा श्रोताहरूमध्ये सबैमा समानरूपले प्रभाव पर्दैन । अर्थ दृष्टिकोण वा हेराइ हो । अरिस्टोटल, फ्रायडलगायतले नारीलाई केही गुणहरूको कमी भएकाले पुरुषभन्दा नारीलाई हीनता (शर्मा र लुइटेल, २०६१, पृ. ३७२) मानेका छन् तर त्यो अर्थ आज सान्दर्भिक देखिँदैन । अर्थलाई अभिधा, लक्षणा, व्यञ्जना, कोशीय, व्याकरणिक आदि रूपमा हेर्न सकिन्छ । अर्थलाई मनसँग पनि जोड्ने गरिन्छ ।

**भाषा र तर्क**

तर्क दर्शनको आधार हो । वास्तविक प्रकृतिको निर्धारण, वैज्ञानिक खोज विधि, आगमन र निगमनको बुझाइ, तार्किक चिन्तन, कल्पना, अनुमान र अन्तर्दृष्टि जस्ता मूल्यहरूको अध्ययन तर्कशास्त्रअन्तर्गत गरिन्छ (शर्मा, २०६०, पृ.६१) । दर्शनले विश्वासको प्रतिपादन गर्छ; त्यसलाई तर्कले पुष्टि गर्छ । तर्कशास्त्र दर्शनशास्त्रको एक विभाग हो; जुन दर्शनका तीन शाखा तत्त्व, ज्ञान र मूल्यसँग सम्बन्धित हुन्छ । भाषाको अध्ययन, विश्लेषण र मूल्याङ्कन तर्कमा आधारित हुन्छ ।

सत्यको खोजका लागि गरिने अनुमान, जिज्ञासा र परीक्षणमूलक चिन्तन तर्क हो । तर्क वस्तुगत ज्ञानको सत्यापनको साधन हो । यसले सम्भावनालाई प्राकृतिक नियम र सिद्ध तथ्यका आधारमा निष्कर्षमा पुऱ्याउन सहयोग गर्छ । अज्ञानबाट ज्ञानतर्फ, अपूर्णताबाट पूर्णता तर्फ र वस्तुबाट विचारतर्फको यात्रा गर्दा मानिसहरू आफ्नो जिज्ञासामा अडिएर तर्क गर्ने गर्छन् । तर्क वस्तुगत हुन्छ । विचारहरू तार्किक भए पनि ती विम्बगत हुन्छन् । उदाहरणका लागि 'मानिस' एउटा प्राणी हो । यो सुन्ने बित्तिकै दिमागमा त्यसको प्रतिविम्ब बस्छ । यथार्थ मानिस र प्रतिविम्बबाट निर्मित मानिस (ज्ञान) जब व्यवहारमा सिद्ध हुन्छ । व्यवहारमा सिद्ध सत्य नै वास्तविक सत्य हो । तर्क कार्यकारण सम्बन्धमा आधारित हुन्छ ।

भाषाका हरेक एकाइ, पक्ष तथा प्राज्ञिक लेखन तर्कसँग सम्बन्धित हुन्छन् । तर्कले तथ्यलाई पुष्टि गर्छ । दिनरात, सूर्योदय, सूर्यास्त आदि हुनुको पछाडि विभिन्न तर्कहरू रहेका हुन्छन् । कथन (अर्गुमेन्ट) लाई पुष्टि गर्न आउने आधार नै तर्क हुन् । तर्कलाई आगमन र निगमन गरी दुई प्रकारले निर्धारण गर्ने गरिन्छ । उदाहरणका लागि 'आकाशको रङ निलो हुन्छ' भन्ने यो कथन दावी हो । यो सही वा गलत कथन पनि हुन सक्छ । यसलाई पुष्टि गर्न विभिन्न तर्क वा लजिकहरू प्रस्तुत गर्न सकिन्छ । यसैगरी जनावरका चार खुट्टा हुन्छन् । बिरालाका चार खुट्टा हुन्छन् । यस्ता दुई कथन वा उदाहरणबाट एउटै सामान्य धारणा बनाउन सकिन्छ : बिरालो एक जनावर हो । यो निष्कर्ष वाक्य हो । भाषा, व्यक्ति भाषा, भाषिका, भाषाका विशेषता, भाषाविज्ञान, भाषाविज्ञानका क्षेत्र, प्रकारलगायतको खोजी र निष्कर्षका लागि तर्कको आधार लिइन्छ । तर्कले भाषिक ज्ञानको निर्माण र प्रयोगमा सहयोग पुऱ्याउँछ । तर्क ठोस, मूर्त, स्पष्ट र प्रामाणिक हुनुपर्छ ।

दर्शन उच्च बौद्धिक एवम् प्राज्ञिक कार्य हो । यसका लागि दाबी, तर्क र पुष्टि महत्त्वपूर्ण हुन्छन् । तर्क लम्बीय र क्षितिजीय गरी मुख्य दुई प्रकारका हुन्छन् । कसैको तर्कभन्दा फरक प्रतितर्क पनि गर्न सकिन्छ । प्रतितर्कलाई पनि आफ्ना तर्कले पुष्टि गर्दै कथन (दाबी) लाई प्रामाणिक, विश्वसनीय र वैध बनाउन सकिन्छ । तर्कलाई बलियो बनाउन विभिन्न प्रमाण, साक्ष्य, उदाहरण अघि सार्न सकिन्छ । अतः दर्शन र तर्क तथा तर्क र कथनबिच सम्बन्ध छ ।

**मानव भाषा र मानवेतर भाषा**

भाषा भाव वा विचार सम्प्रेषणको सशक्त माध्यम हो । विचार विनिमयका तीन तरिका छन् : स्पर्श, सङ्केत र आवाज (शर्मा र बराल, २०५२, पृ.१) । आवाज मानव भाषासँग सम्बन्धित छ भने स्पर्श, सङ्केत तथा आवाज मानवेतर प्राणीका भाषाका माध्यम हुन् ।

भाषा वाक् प्रतीकको यादृच्छिक व्यवस्था हो, जुन मानवीय उच्चारण अवयवद्वारा उच्चरित हुन्छ । भाषा मानवीय सामाजिक वस्तु हो । मानव भाषामा संरचनात्मक द्वैतता, उत्पादनशीलता, यादृच्छिकता, अन्तर्विनियम योग्यता, विशिष्टीकरण, विस्थापन, सांस्कृतिक सञ्चरण, विच्छिन्नता, स्वस्फूर्तता जस्ता विशेषता (यादव र रेग्मी, २०५९, पृ. ७–१४) हुन्छन् । मानवेतर, पशुपक्षी एवम् वनस्पतिहरूले पनि विविध सङ्केतका माध्यमबाट सञ्चार गर्दछन् । मौरी, सुगा, मैना, काग, डल्फिन, परेवा, कमिला, चिम्पान्जी जस्ता प्राणीहरूले मान्छेले जस्तै ध्वनिद्वारा सीमित अनुभूति वा विचार सम्प्रेषित गर्छन् । पशुपक्षीको सञ्चार प्रक्रिया विविध सङ्केतमा आधारित हुन्छ । मौरीले दिशा र दूरताको सूचनाका लागि फरक फरक नृत्यको प्रयोग गर्छन् । चराहरूले स्पर्शबाट सञ्चार गर्दछन् । मानवेतर प्राणीका ध्वनि सीमित हुन्छन् । मौरीका ध्वनि विश्लेषणीय हुँदैनन् भने चराका ध्वनि विश्लेषणीय नै देखिन्छन् । अन्य प्राणीका भाषिक सञ्चार माध्यमभन्दा मानवीय भाषिक सञ्चार गुणात्मक र परिमाणात्मक दृष्टिले जटिल र विशिष्ट हुन्छन् । गाई, भैँसी, भेडा, बाख्रा, च्याङ्ग्रा, घोडा, गधा आदि घरपालुवा जनावरले आफ्ना बच्चाबच्चीलाई बोलाउँदा र प्रजननको बेला विशेष प्रकारको आवाज निकाल्छन् (ओझा, २०६६, पृ. १२–१४) । रातिको समयमा परेवा घुरेर समयको ज्ञान दिन्छ । यसले रतिरागको बेला पोथी परेवीलाई फकाउन एक प्रकारको आवाज निकाल्छ । कमिलाले मुख जोडी सूचनाको सङ्केत गर्दछन् ।

भाषा वैज्ञानिक चार्ल्स हकेट (सन् १९५८, पृ. ५७४) को भनाइलाई यादव र रेग्मी (२०५९, पृ. १६) ले गरेको उल्लेखका आधारमा मानव भाषा र मानवेतर भाषामा पाइने अन्तरलाई समग्रमा निम्न तालिकामा उल्लेख गरिएको छ :

**तालिका १**

*मानवीय भाषा र मानवेतर भाषामा फरक*

| मानवीय भाषा | मानवेतर भाषा |
|---|---|
| क) असीमित र अनिश्चित | क) सीमित र निश्चित |
| ख) असहज | ख) सहज |
| ग) निरन्तर परिवर्तनशील | ग) स्थिर |
| घ) आर्जित | घ) आनुवंशिक |
| ङ) खुला व्यवस्था | ङ) बन्द व्यवस्था |
| च) लचकदार र विविधतामय | च) लचकताहीन र एकरूप |
| छ) व्याकरणिक | छ) अव्याकरणिक |
| ज) वर्णनात्मक एवम् विश्लेषणात्मक | ज) वर्णन एवम् विश्लेषण गर्न नसकिने |
| झ) संरचनात्मक एवम् व्यावहारात्मक | झ) व्यावहारात्मक |
| ञ) भूगोल एवम् समाजसापेक्ष | ञ) समाज निरपेक्ष, सार्वभौम |
| ट) नवीनता, उत्पादनशीलता | ट) नवीनताहीन, अनुत्पादक, स्थिर |
| ठ) विस्थापनशील | ठ) विस्थापनहीन |
| ड) द्वैतता | ड) अद्वैतता |
| ढ) वाक्यात्मक | ढ) अवाक्यात्मक |
| ण) सांस्कृतिक सञ्चरण हुने | ण) सांस्कृतिक सञ्चरण नहुने |
| त) स्वर र व्यञ्जनमा विश्लेषण गर्न सकिने | त) अविश्लेषणीय |

उपर्युल्लिखित बुँदाका आधारमा मानवीय भाषा व्यवस्थित, वैज्ञानिक रूपमा अध्ययन गर्न सकिने र विकसित भाषाका रूपमा देखिन्छ भने मानवेतर भाषामा सामान्य भाव बोधका लागि सीमित सङ्केत व्यवस्था भएको पाइन्छ ।

**भाषाको उत्पत्तिसम्बन्धी सिद्धान्त**

भाषा परम्परित, मानवीय एवम् सामाजिक वस्तु हो । यो भाव सम्प्रेषणको सशक्त माध्यम पनि हो । विश्वब्रह्माण्डमा प्राणीजातिको जन्मसँगै कथ्य भाषाको सुरुआत भएको हो तापनि भाषाको उत्पत्ति कहिले र कसरी भयो भन्ने सम्बन्धमा मतभिन्नता पाइन्छ । सन् १८६६ मा पेरिसमा स्थापना भएको भाषाविज्ञानको एक समितिले भाषाको उत्पत्तिका विषयमा प्रश्न उठाउन नपाइने निर्णय गरेको पाइन्छ । भाषिक अनुसन्धानमा भने यो निर्णय अदूरदर्शी देखिन्छ । तसर्थ हालसम्म प्राप्त अध्ययनका आधारमा

भाषाको उत्पत्तिलाई मानवउत्पत्ति, समाजविज्ञान, इतिहास, मनोविज्ञान आदिसँग जोडेर भाषाको उत्पत्तिसम्बन्धमा देखिएका सिद्धान्तलाई निम्न तालिकामा उल्लेख गरिएको छ :

**तालिका २**

*भाषा उत्पत्तिका सिद्धान्तहरू*

| क्रसं. | सिद्धान्तहरू |
|---|---|
| क) | दैवी उत्पत्ति सिद्धान्त : भाषा देवताद्वारा प्रदत्त उपहार हो भन्ने वैदिक संस्कृत र पश्चिममा जर्मन विद्वान् सुसमिल्सलगायतको मत, |
| ख) | विकासवादी सिद्धान्त : आङ्गिक गतिविधिबाट विस्तारै मान्छे वाचिक गतिविधितर्फ प्रवेश गरेको भन्ने मत, |
| ग) | धातु सिद्धान्त/डिङडोङ सिद्धान्त/रणन सिद्धान्त : टेबल, कुर्चि, थाललगायत विभिन्न वस्तुलाई हिर्काउँदा आउने आवाज वा ध्वनिसँगै भाषाको ध्वनि निष्पन्न भई भाषा उत्पत्ति भएको भन्ने मत, |
| घ) | सङ्केत सिद्धान्त/निर्णय सिद्धान्त/स्वीकारवाद : व्यक्तिले वस्तुलाई चिनाउन विभिन्न ध्वनि सङ्केत वा नाम दिएको र त्यसैबाट भाषाको उत्पत्ति भएको भन्ने मत, |
| ङ) | अनुकरण सिद्धान्त : जीवजन्तुका आवाजलाई ध्वन्यात्मक अनुकरण गर्दा भाषाको उत्पत्ति भएको हो भन्ने मत, |
| च) | गति सिद्धान्त/टाटा सिद्धान्त : कुनै काम गर्दा उच्चारण अवयवद्वारा क्रियाशील अङ्गका गतिसँगै ध्वन्यात्मक अनुकरण भई भाषाको उत्पत्ति भएको हो भन्ने मत, |
| छ) | सङ्गीत सिद्धान्त/प्रेम सिद्धान्त : सङ्गीतबाट भाषाको उत्पत्ति हुने मत, यसका विचारकहरू डार्विन, स्वेन्सर, येस्पर्सन आदि । |
| ज) | श्रम सिद्धान्त : कठिन परिश्रम गर्दा भारी बोक्दा, दाउरा चिर्दा मानिसको मुखबाट निस्कने ह्या, ह्युम, या, आजस्ता ध्वनिसँगै भाषाको उत्पत्ति भएको भन्ने मत, |
| झ) | भावावेगात्मक सिद्धान्त : सुख, दुःख, हर्ष, आँसुका बेला निस्कने भावसँगै भाषाको उत्पत्ति भएको हो भन्ने मत, |
| ञ) | सम्पर्क सिद्धान्त : एक आपसमा भेटघाट, सम्पर्क हुँदा विचार विनिमयका लागि बोलिने आवाजसँगै भाषाको उत्पत्ति भएको हो भन्ने जी. रेवेजलगायतको भनाइ, |
| ट) | समन्वय सिद्धान्त : अनुकरण, भाव अभिव्यक्ति र शब्द प्रतीकबाट भाषाको प्रारम्भ भएको र सबै सिद्धान्तको उपयोग गरी साझा सिद्धान्त निर्माण भएको हो भन्ने भाषाशास्त्री हेनरी स्विट (१८५५–१९१२) को भनाइ, |
| ठ) | प्रतिभा सिद्धान्त : व्यक्ति प्रतिभा नै भाषाको जननी हो भन्दै काव्यकार भर्तृहरिले भाषालाई नेत्र र प्रतिभालाई आत्मा मानेका, |
| ड) | समाजशास्त्रीय सिद्धान्त : सामाजिक संरचना, वर्ग सङ्घर्ष, सञ्चार आदि कार्यका लागि भाषाको उत्पत्ति भएको भन्ने मत, |
| ढ) | मनोवैज्ञानिक सिद्धान्त : व्यक्तिको भाषा प्राप्त गर्ने क्षमता (LAD) का कारण भाषा बोध र अभिव्यक्ति गर्न सक्छ । प्रयत्न र भुलबाट भाषाको उत्पत्ति हुन्छ भन्ने मत आदि । |

उपर्युल्लिखित भाषाको उत्पत्तिसम्बन्धी चौध प्रकृतिका मत सबै वैज्ञानिक र तथ्यपरक छैनन् तर यिनीहरूबाट कहीँ न कहीँ भाषाको उत्पत्तिमा सहयोग मिलेको भन्ने आधार भेटाउन सकिन्छ । मनोवैज्ञानिक, अनुकरण, समन्वय, प्रतिभा समाजशास्त्रीय, सङ्गीत, सञ्चारजस्ता सिद्धान्तलाई भाषाको उत्पत्तिका उल्लेखनीय मत मान्न सकिन्छ । भाषाको उत्पत्ति र विकासमा सामाजिक सम्झौता महत्त्वपूर्ण हुन्छ । यस सन्दर्भमा भाषिक कथनको महत्त्व उल्लेखनीय देखिन्छ ।

## निष्कर्ष

दर्शन सामाजिक एवम् व्यावहारिक चेतनाको सर्वोच्च अभिव्यक्ति मात्र हैन, यो एउटा रहस्य, अज्ञात तथा आश्चर्यको खोजी हो । दर्शनले प्रकृति र प्राणी जगत्को अर्थात् चेतना र पदार्थ बिचको अन्तर्सम्बन्ध केलाई विश्वदृष्टिकोण निर्माण गर्दछ । चेतना र पदार्थका आधारमा चिन्तन/दर्शनका अध्यात्मवादी र भौतिकवादी गरी मुख्य दुई चिन्तनधारा देखिन्छन् । यी नै दुई हाँगाका आधारमा अहिले भाषिक दर्शन, कलाको दर्शन, गणितको दर्शन, मस्तिष्कको दर्शन, तर्कशास्त्र, सौन्दर्यशास्त्र जस्ता नयाँ नयाँ हाँगा देखिएका छन् । दर्शनका प्रणाली एवम् विधिका पनि तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसा गरी तीन वटा पक्ष देखिन्छन् । भाषिक दर्शनअन्तर्गत भाषा र आध्यात्मिक दर्शन, भाषा र मन, भाषा र तर्क, सत्य र अर्थ, भाषा र मानवेतर भाषा, भाषाको उत्पत्तिसम्बन्धी सिद्धान्तजस्ता पक्ष/क्षेत्र रहेका छन् । अठारौँ शताब्दीपूर्व भाषाको अध्ययन दर्शनशास्त्रकै विषय रहेकोमा अहिले भाषिक दर्शन स्वतन्त्र विधाका रूपमा व्यवहृत छ ।

पक्ष/क्षेत्रअनुसार भाषिक दर्शनका विविध पहिचान/विशेषता/अन्तर्वस्तु पाउन सकिन्छ । भाषा, भाषिका, व्यक्तिभाषा, भाषाशिक्षणका पद्धति, सिद्धान्त, विधि तथा भाषाविज्ञानका क्षेत्र, शाखा, सिद्धान्त र व्याकरण आदि भाषिक दर्शनका उपज हुन् । वेदलाई आधार मानेर त्यसअन्तर्गत लेखिएका ब्राह्मण ग्रन्थ, आरण्यक, उपनिषद्देखि लौकिक वाङ्मय भाषिक दर्शनकै परिणाम हुन् । योग, साङ्ख्य, मीमांसा,

चार्वाक, वेदान्तजस्ता भौतिक, आध्यात्मिक तथा आस्तिक, नास्तिक दर्शन भाषासँग सम्बन्धित छन् । मन र भाषाको अभिन्न सम्बन्ध हुन्छ । मनोविज्ञान र भाषाविज्ञानको अध्ययन मनोभाषाविज्ञानमा गरिन्छ । भाषा सिकाइ, भाषा सम्झने, बिर्सने, भाषिक रोग, भाषा विकासका चरणजस्ता पक्ष मनसँग सम्बन्धित छन् । भाषाले सत्य र असत्यको सङ्केत गर्छ । सत्य र अर्थ सापेक्षतामा हेरिनुपर्ने दृष्टिकोण पाइन्छ । अर्थात् अर्थ समय, स्थान सन्दर्भसापेक्ष हुन्छ । भाषा तर्कमा आधारित हुन्छ । तर्कले दर्शन जन्माउँछ । मानव र मानवेतर भाषामा अन्तर हुन्छ । मानव भाषामा उत्पादनशीलता, यादृच्छिकता, स्वस्फूर्तताजस्ता विशेषता पाइन्छन् भने मानवेतर भाषामा यसको अभाव हुन्छ । भाषाको उत्पत्तिका विषयमा दैवी, विकासवादी, अनुकरण, सङ्केत, मनोवैज्ञानिकजस्ता सिद्धान्त विकसित भएका छन् । अतः मानव चेतनाको विकाससँगै दर्शनको आरम्भ भएको र यो अक्षुण्ण रूपमा गतिशील देखिन्छ ।

## सन्दर्भ सूची

Zhou, M., & Brown, D. (2015). *Educational learning theories*. Education Open Textbooks.

आचार्य, ब्रतराज. (२०७२). *पूर्वीय तथा पाश्चात्य भाषिक चिन्तन.* रत्न पुस्तक भण्डार ।

ओझा, रामनाथ. (२०६६). *सामान्य भाषाविज्ञान.* वाङ्मय प्रकाशन गृह ।

पतञ्जलि, महर्षि. (सन् १९८७). *पाणिनीय व्याकरण महाभाष्यम्.* चौखम्बा संस्कृत प्रतिष्ठान ।

प्रसाईं, पुण्यप्रसाद. (२०७५). *ऋग्वेद.* डिकुरा पब्लिकेसन्स ।

बन्धु, चूडामणि र अन्य. (सम्पा.) (२०६७). *नेपाली बृहत् शब्दकोश (सातौँ संस्क.).* नेपाल प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि. (२०५७). *भाषाविज्ञानका सम्प्रदाय, दोस्रो संस्करण.* एकता बुक्स ।

भुसाल, यदुराम. (२०६८). *'दर्शनशास्त्र परिचय', दर्शनावली.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

यादव, योगेन्द्र र रेग्मी, भीमनारायण. (२०५६). *भाषाविज्ञान* (दोस्रो संस्क.). न्यु हिरा बुक्स ।

राई, भक्त. (२०७४). *पूर्वीय दर्शन.* नेपाल प्राज्ञिक अनुसन्धान ।

लामिछाने, यादवप्रकाश. (२०६८). *प्रायोगिक भाषाविज्ञान.* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र बराल, कृष्णहरि. (२०५२). *भाषाविज्ञान र नेपाली भाषा.* नवीन प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद. (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, विष्णुप्रसाद. (२०६६). *प्रायोगिक भाषाविज्ञान.*क्वेस्ट पब्लिकेसन ।

हकेट, सी. एफ्. (सन् १९५८). *अ कोर्स इन मोर्डन लिङ्ग्विस्टिक्स.* द म्याक्मिलन कम्पनी ।